# जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१

(माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको निर्णयबाट मिति २०८१/०८/२१ मा स्वीकृत)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ काठमाडौ

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

नेपालको संविधान २०७२ धारा ३५मा ले प्रत्येक नागरिकलाई आकस्मिक स्वास्थ्य उपचार र स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरेको छ। हाल बागमती प्रदेशमा मात्र जलनको सघन उपचार सेवा सिमित रहेको छ। अतः हरेक प्रदेशस्थित कम्तिमा एक सङ्घीय/प्रादेशिक सरकारी अस्पतालहरुमा जलनको सघन उपचार सेवा संचालन गरी आकस्मिक स्वास्थ्य अवस्थाबाट जीवन रक्षा गर्न वाञ्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**जलनको सघन उपचार सेवा विस्तार गर्ने सम्बन्धी कार्यविधि २०८१**" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "**अस्पताल**" भन्नाले जलन रोगको सघन उपचार प्रदान गर्ने दफा ४ बमोजिमका अस्पतालहरुलाई सम्झनुपर्दछ।

(ख) "**केन्द्रिय अस्पताल**" भन्नाले बीर अस्पताल काठमाडौ र कीर्तीपुर अस्पताल, कीर्तिपुर काठमाडौलाई सम्झनुपर्छ।

(ग) "**जलन घाईते**" भन्नाले विपद् वा प्राकृतिक वा अन्य कुनै कारणले आगलागी भई पूर्ण वा आंशिक शारीरिकरुपमा आघात भएका व्यक्तिलाई सम्झनुपर्छ।

(घ) "**सेवा**" भन्नाले जलनबाट घाईते भएका व्यक्तिलाई तत्काल र जीवनरक्षाका लागि गरिने सम्पूर्ण उपचार सेवा सम्झनुपर्छ।

(ङ) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनुपर्दछ।

(च) "**निर्देशक समिति**" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(छ) "**विपन्न जलन घाईते**" भन्नाले विपन्न नागरिक औषधी उपवार कोष निर्देशिका, २०७५ को दफा ३ (४) बमोजिम गठित समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचयपत्र वाहक विपन्न जलन घाईते सम्झनुपर्दछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## परिच्छेद-२

## जलन सम्बन्धी सघन उपचार सेवा प्रवाह

(३) **लाभग्राहीले सेवा प्राप्त गर्ने प्रकृया:** (१) विपन्न जलनका घाईतेले यस कार्यविधि बमोजिमका सेवा सुविधा प्राप्त गर्न सक्नेछन्

क) यस कार्यविधि बमोजिमका सुविधा प्राप्त गर्न सम्बन्धित स्थानीय तह वा अस्पतालको सामाजिक सेवा ईकाइले निज व्यक्ति आर्थिकरुपमा विपन्न भनी खुलाइएको सिफारिश पेश गर्नुपर्नेछ।

यस खण्डमा जुनसुकै कुरा उल्लेख भएता पनि अस्पतालको सामाजिक सेवा ईकाइले आर्थिकरुपमा विपन्नको सिफारिस गर्दा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचयपत्र आधारमा मात्र गर्नुपर्नेछ।

ख) उपर्युक्त सिफारिशको आधारमा निज जलनका घाईतेको सम्पूर्ण उपचार निःशुल्क हुनेछ।

(४) **सेवा प्रवाह गर्ने अस्पताल-**(१) यस कार्यविधि अनुसार देहाय बमोजिमका अस्पतालहरुले जलन सम्बन्धी सघन उपचार सेवा प्रवाह गर्नेछन्-

(क) बि.पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान।

(ख) नारायणी अस्पताल बिरगञ्ज

(ग) बीर अस्पताल काठमाडौ

(घ) पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

(ङ) भेरी अस्पताल नेपालगञ्ज

(च) प्रादेशिक अस्पताल सुर्खेत

(छ) सेती प्रादेशिक अस्पताल धनगढी

(ज) कीर्तीपुर अस्पताल, कीर्तिपुर, काठमाडौ

(२) उप-दफा(१) बमोजिमका अस्पतालहरुले मध्ये बीर अस्पताल काठमाडौ र कीर्तीपुर जलन अस्पताल काठमाडौले केन्द्रिय अस्पतालकोरुपमा सेवा प्रदान गर्नुपर्नेछ।

(५) **अस्पतालबाट उपलब्ध हुनुपर्ने सेवा** (१) यस कार्यविधिको दफा ३ बमोजिम तोकिएको अस्पतालहरु देहाय बमोजिमका सेवा प्रवाह गर्नु पर्नेछः

(क) जलनको आकस्मिक उपचार,

(ख) जलनका घाईतेको अस्पतालमा उपलब्ध तत्काल उपचार

(ग) जलनबाट घाइतेहरुको आ ई सि यु उपचार व्यवस्थापन,

(घ) जलन पश्चात् मुख्य अङ्गभङ्गबाट पुनर्स्थापना गरी शारीरिकरुपमा सक्रिय जीवनयापन हुन आवश्यक पुनर्संरचानात्मक शल्यक्रिया सेवा

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## परिच्छेद-३

## जलनको सघन उपचार सेवाको व्यवस्थापन

(६) **मन्त्रालयको काम र कर्तव्यः-** (१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवा व्यवस्थापन गर्न मन्त्रालयको देहाय बमोजिमको काम र कर्तव्य रहनेछः-

क) जलनको सघन उपचार सेवा सञ्चालनलाई गुणस्तरिय बनाउन आवश्यक निति, नियमको निर्माण गर्ने।

ख) सघन जलन उपचारको स्तरीय उपचार मापदण्ड बनाई लागू गर्ने,

ग) अस्पतालमा सेवा सञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने।

घ) सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने।

ङ) औजार उपकरण लगायत अन्य भौतिक पुर्वाधारको व्यवस्थापनमा सहजीकरण गर्ने।

च) जलनको सघन उपचार सेवाको अनुगमन गर्ने।

(७) **केन्द्रिय अस्पतालको काम र कर्तव्यः-** (१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवा व्यवस्थापन गर्न केन्द्रिय अस्पतालको देहाय बमोजिमको काम र कर्तव्य रहनेछः-

(क) जलनको सघन उपचार सेवा सञ्चालनलाई गुणस्तरिय र भरपर्दो बनाउन सेवा विस्तार गर्ने,

(ख) सघन जलन उपचारको स्तरीय उपचार मापदण्ड बनाई लागू गर्ने,

(ग) जलनको सघन उपचार सेवा व्यवस्थापन गर्न दक्ष जनशक्तिको उत्पादन र क्षमता विकास गर्ने,

(घ) जलनको सघन उपचार सेवा सञ्चालन गर्ने अस्पतालहरुको गुणस्तर सुधारका लागि नियमति सुपेरीवेक्षण र पृष्ठपोषण गर्ने,

(ङ) जलनको सघन उपचार सेवा विस्तारका लागि मन्त्रालय समक्ष सिफारिश पेश गर्ने र

(च) मन्त्रालय समक्ष देशभरी भैरहेका जलन सम्बन्धी घटनाहरुको एकिकृत विवरण तयार पारी रोकथाम तथा नियन्त्रणका लागि नीतिगत सुझाव पेश गर्ने।

(८) **अस्पतालको काम र कर्तव्यः-** (१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवा प्रदान गर्न अस्पतालको देहाय बमोजिमको काम र कर्तव्य रहनेछः-

क) औजार उपकरण लगायत अन्य पुर्वाधारको व्यवस्थापन गर्ने।

ख) जलनका सघन उपचार सेवाको अविच्छिन्नता कायम गर्ने

ग) जलनका विरामीलाई थप उपचार आवश्यक भएमा समन्वय गरी केन्द्रिय अस्पतालमा प्रेषण गर्नुपर्ने,

घ) सेवाको आवधिकरुपमा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(९) <u>**जलनको सघन उपचार सेवा व्यवस्थापन सम्बन्धी निर्देशक समितिको काम कर्तव्य र अधिकारः-**</u>

(१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवालाई व्यवस्थित गर्न मन्त्रालयमा देहायको निर्देशक समितिको गठन गरिनेछः

(क) अतिरिक्त स्वास्थ्य सचिव (नीति योजना तथा अनुगमन महाशाखा हेर्ने)- अध्यक्ष-

(ख) मन्त्रालयले मनोनित गरेको जलन उपचार सम्बन्धी विशेषज्ञ चिकित्सक- सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय- सदस्य

(घ) सहसचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय- सदस्य

(ङ) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- सदस्य

(च) महाशाखा प्रमुख, नर्सिङ्ग तथा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) मन्त्रालयले तोकेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पतालमा कार्यरत सरकारी सेवाको (११ औं तहको) प्रमुख कन्सल्टेण्ट प्लाष्टिक सर्जन

(ज) किर्तीपुर अस्पतालले तोकेको जलन सम्वन्धि विशेषज्ञ- सदस्य

(झ) महाशाखा प्रमुख, नीति योजना तथा अनुगमन महाशाखा- सदस्य सचिव

(२) उप-दफा (१) बमोजिमको निर्देशक समितिको काम र कर्तव्य देहायको रहनेछः-

क) जलनको सघन उपचार सेवालाई गुणस्तरीय, समतमूलक र पहुँचयोग्य बनाउन बनाउन आवश्यक पर्ने श्रोत र साधनको व्यवस्थापन गर्ने,

ख) यस कार्यविधि बमोजिम सञ्चालन हुने सेवाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

ग) यस कार्यविधि बमोजिम प्रवाह भएको सेवाका नियमित प्रगति प्रतिवेदन पेश गर्ने,

घ) जलन सम्बन्धी घटनाहरुको रोकथाम तथा नियन्त्रणका साथै अङ्गभङ्गता एवं मृत्युदरलाई कम गर्ने नीतिगत व्यवस्थाका लागि मन्त्रालयमा सिफारिश गर्ने र

ङ) मन्त्रालयले समय समयमा दिने निर्देशन समितिले पालना गर्नुपर्नेछ।

(१०) <u>**जनशक्तिको व्यवस्थापन**</u>–(१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन अस्पतालले देहाय बमोजिम गर्नेछ –

(ख) अस्पतालले आवश्यकतानुसार करारमा नियुक्ति गरिएका सघन उपचार गर्ने विशेषज्ञ/ यस सम्बन्धी तालिम प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(ग) बर्न तथा प्लाष्टिक शल्यक्रियामा विशेषज्ञता हासिल गरेका छात्रवृत्ति चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(घ) जलनको सघन उपचार सम्बन्धी तालिम दिईएका अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरु

(११) **स्रोत व्यवस्थापनः**- (१) यस कार्यविधि बमोजिम जलनको सघन उपचार सेवा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत व्यवस्थापन देहाय बमोजिम हुनेछः-

क) सेवा सञ्चालन गर्ने अस्पतालमा पूर्वाधार विकासका लागि एकमुष्ठ विनियोजित वार्षिक बजेटवाट

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

ख) अस्पतालमा रहेको सामाजिक सेवा ईकाइ कार्यक्रमबाट

ग) स्वास्थ्य विकास साझेदार निकायबाट प्राप्त हुने आर्थिक तथा वस्तुगत सहायताबाट

घ) आवश्यकतानुसार मन्त्रालयबाट उपलब्ध हुने थप बजेट

## परिच्छेद-४
## विविध

(१२) **अभिलेख, प्रतिवेदन तथा बार्षिक समिक्षाः** (१) जलनको सघन उपचार सेवा सञ्चालनको अभिलेख व्यवस्थित रुपमा राखी मासिक रुपमा मन्त्रालयमा र Health Management Information System (HMIS) मार्फत प्रतिवेदन गर्नु पर्नेछ।

(१३) **सेवा सुविधा दाबी भुक्तानी नहुनेः** यस कार्यविधि बमोजिम जलन भई सौन्दर्यकरणका लागि हुने अन्य उपचारवापत् अस्पताललाई दाबी भुक्तानी हुनेछैन।

(१४) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिले नसमेटिएका जलनबाट पिडित व्यक्तिले पाउने अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम हुने। यदि कुनै अस्पतालले जालसाझी गरी झुटो विवरण पेश गरेमा प्रचलित कानून बमोजिम कामकारवाहि गरी निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(१५) **बाधा नपर्नेः** (१) यस कार्यविधिको पालना गर्ने क्रममा यस कार्यविधिले नसमेटिएका सामुदायिक/गैह्रसरकारी अस्पतालले दातृ निकायबाट सहयोग लिई जलनको उपचार र सबै किसिमका सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन।

(१६) **बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस कार्यविधिको पालना गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयलाई उक्त बाधा अड्काउ फुकाउने अधिकार हुनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं